दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २६८ | बुटवल | २०८१ असोज ०८, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Sept.24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# राजधानी शहर निर्माणका लागि लगानी खोज्दै सरकार

लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यकामा योजनाबद्ध पूर्वाधार विकास गर्न प्रदेश सरकारले स्थानीय बासिन्दा, राजनैतिक दल र जनप्रतिनिधिको सामूहिक साथ खोजेको छ । योजनाबद्ध पूर्वाधार विकास गर्न साथ पाए लगानी जुटाउने मुख्यमन्त्री चेतनारायण आचार्यले बताएका छन् ।

**लुम्बिनी संवाददाता**

*देउखुरी*



लुम्बिनी प्रदेश सरकारले राप्ती उपत्यकामा राजधानी शहर निर्माण गर्न लगानीको खोजी सुरु गरेको छ। एक खर्बको लागतमा २० वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित नदी सभ्यतामा आधारित योजनाबद्ध शहर निर्माण अघि सार्दै सरकारले लगानी खोजी गरेको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यका अनुसार, पहिलो चरणमा २५ अर्ब बजेटको स्रोत सुनिश्चित गर्न सरकारले पहल थालेको छ । 'राजधानी शहर निर्माणका लागि चाहिने स्रोतको खोजी भइरहेको छ, ऋण लिएर भए पनि जग्गा एकीकरण र शहर निर्माणको कामलाई तीब्रता दिने योजना सरकारले बनाएको छ ।'–मंगलबार पूर्व मुख्यमन्त्रीहरुसहित सरोकारावालाहरुबिच भएको छलफलमा उनले भने ।

उनले योजनामा आधारित सुन्दर शहर निर्माणका लागि स्थानीय बासिन्दा, राजनैतिक दल र जनप्रतिधिहरुको सामूहिक प्रतिबद्धता आवश्यक भएको बताए ।

'सरकारले अघि बढाउन लागेको योजनाबद्ध विकासमा साथ दिने प्रतिबद्धता प्राप्त भएकै दिनबाट सरकारले स्रोत प्राप्तिको प्रक्रिया थाल्छ,' मुख्यमन्त्री आचार्यले भने–'प्रदेश सरकारको बजेटले राजधानी शहर निर्माण धान्न सक्दैन, संघ सरकारको बजेट पनि अपुग हुन्छ । यसका लागी दातृ निकायहरुको साथ र वैदेशिक ऋणको खोजी गर्दैछौं ।'

छलफलमा पूर्व मुख्यमन्त्री शंकर पोखरेल, पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, प्रदेश सरकारका मन्त्री, संसदीय दलका प्रतिनिधि, प्रदेश सभा सदस्यहरुको उपस्थितिमा राजधानी शहर निर्माणबारे हालसम्म भएका प्रगती र भावी योजनाको बारेमा मुख्यमन्त्रीले जानकारी गराएका थिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा भएको छलफलमा राजधानी क्षेत्रका स्थानीय जनप्रतिनिधि, उद्योगीव्यवसायीलगायत सरोकारवाला पक्षसँग राजधानी शहर निर्माणबारे छलफल भएको थियो । जग्गा एकीकरणको कामले गति लिनुपर्ने, सरकारले लिएको लक्ष्यअनुसार छिटो शहर निर्माणको काम अघि बढाउन सरोकारवाला पक्षले ध्यानाकर्षण गराएका छन् ।

**अव्यवस्थित शहर चाहिएको छैनः पोखरेल**

संस्थापक मुख्यमन्त्री शंकर पोख्रेलले प्रदेश राजधानी व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी सरकारको मात्रै नभएर राजधानी क्षेत्रका स्थानीय बासिन्दाहरुको रहनुपर्ने बताए ।

'राजधानी व्यवस्थित गर्ने जिम्मेवारी राजधानीवासीको हो । भविष्यका पुस्तालाई सुविधायुक्त जीवन र सुविधा सम्पन्न शहर सुम्पिने दायित्व सबैको रहन्छ,' उनले भने–'कसैले त्याग नगर्दा सम्म राम्रो शहर बन्न सक्दैन् । होइन भने जे बनाउन खोजेका छौं, त्यो बन्दैन । भर्जिनल्याण्डमा आउनुको कारण आधुनिक शहर निर्माणको उद्देश्य हो । सुरुमा गरिएको राजनीतिक प्रतिबद्धता हामी सबैले स्मरण गरौं ।'

राजधानी शहर निर्माणका लागि निर्माण भएको गुरुयोजनाको कार्यान्वयनबाट नै भविष्यको सुविधा सम्पन्न शहर बनाउन सकिने उनको भनाइ छ। पूर्व मुख्यमन्त्री पोखरेलले भने-'भविष्य बिग्रेको जिम्मा तपाईंहरुले सधैं भरी भोग्नुपर्छ । अव्यवस्थित र समस्याग्रस्त राजधानी शहर चाहिएको छैन । शहर निर्माणबारे अब हामीले दृष्टिकोण बदल्न जरुरी छ ।' उनले नयाँ शहर बनाउने सुनौलो अवसर नगुमाउन आग्रह गरे । प्रदेश सरकारले अघि बढाएका योजनामा साथ दिन आग्रह गर्दै उनले भने–'यसमा तपाईहरुको प्रतिबद्धता चाहिन्छ ।' छलफलमा सहभागी स्थानीयले राजधानी क्षेत्रमा जग्गा कित्ताकाट नखुल्दा समस्या परेको बताउँदै तत्काल खोल्न माग राखेपछि पोखरेलले भने-'तत्काल समस्या देखाएर भविष्य बिगार्न हुँदैन्, यसमा नागरिक तहमा सकारात्मक दृष्टिकोण निर्माणका लागि राजनीतिक तहबाट पहल लिन आवश्यक छ ।'

राजधानीका कारण स्थानीय जनताको जीवनस्तर र आम्दानी बढ्ने भएकाले अहिलेको दृष्टिकोण बदलेर अघि बढ्न आवश्यक भएको उनले बताए ।

'अहिलेकै दृष्टिकोणबाट अघि बढ्दा हामीले सुन्दर राजधानी बनाउन सक्तैनौं । कुरुप, अव्यवस्थीत शहर बन्छ । हामीले के रोज्ने अव्यवस्थित राजधानी शहर कि व्यवस्थित नमूना शहर ।'-उनले भने । राजधानी शहर निर्माणबारे स्थानीय जनप्रतिनिधिको दृष्टिकोणमा परिवर्तन आउनुपर्ने, राजधानी शहर बनाउन अवरोध हुन नहुने र व्यवस्थित राजधानी शहर निर्माण गर्न अठोट चाहिने उनले बताए । प्रदेशसभा सदस्य इन्द्रजित थारुले राजधानी शहर निर्माणबारे राजनीतिक दलहरुले समेत छलफलको एजेण्डा बनाउनुपर्ने बताए ।

**१४ प्लट निर्माण**

प्रदेश पूर्वाधार विकास प्राधिकरणका अनुसार जग्गा एकीकरणको काम अघि बढेको छ। एक हजार विघा जग्गालाई १४ वटा प्याकेजमा बाँडेर नमूना प्लट निर्माणको काम अघि बढेको प्रमुख कार्यकारी अधिकृत छविराज पोख्रेलले जानकारी दिए । जग्गा एकीकरणको कामलाई तीब्रता दिन, पूर्वाधार निर्माण गर्न स्रोतको अभाव रहेको उनले बताए ।

छलफलमा सहभागी राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्ट, राप्ती उद्योग वाणिज्य संघका अध्यक्ष सुरज खड्का, चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका सदस्य शंकर गौतमलगायतले गुरुयोजनाको कार्यान्वनयमा ढिलाइ भइरहेको, जग्गा कित्ताकाट नखुल्दा दैनिक कामकाज प्रभावित भएको जस्ता गुनासाहरु सुनाएका थिए ।

## पत्रकार महासंघलाई कारण देखाउ आदेश

बुटवल । नेपाल पत्रकार महासंघको निर्वाचन निर्धारित समयमा हुन नसकेकोमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ ।

सर्वोच्च अदालतमा आइतबार दर्ता भएको रिटमा न्यायाधीश कुमार रेग्मीको एकल इजलासले पहिलो सुनुवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो ।

ध्रुवप्रसाद चौलागाईंले पत्रकार महासंघलाई विपक्षी बनाएर रिट निवेदन दर्ता गराएकोमा कारण देखाउ आदेश जारी भए पनि अन्तरिम आदेश जारी गर्न भने अस्वीकार गरेको छ ।

रिटमा ६ महिनाभित्र निर्वाचन गराउन अन्तरिम आदेशको माग पनि गरिएको थियो । महासंघको वर्तमान कार्यसमितिले निर्धारित समयमा निर्वाचन गराउन नसकेपछि अब वैकल्पिक माध्यमबाट निर्वाचन गराएर महासंघलाई निकास दिन रिट निवेदनमा माग गरिएको छ ।

रिट निवेदकले अब प्रदेश र जिल्ला अध्यक्ष सम्मिलित राष्ट्रिय भेला आयोजना गरी त्यसै भेलाको निर्णयबाट समितिले गरेका काम-कारबाहीबारे आवश्यक निर्णय गर्नुका साथै बढीमा ६ महिनाभित्र निर्वाचन गर्ने गरी मिति तोक्न माग गरेका छन् ।

यस्तै रिट निवेदनमा अघिल्लो वार्षिक साधारणसभामा सहभागी पुराना सदस्यलाई निर्वाचनमा सहभागी हुने व्यवस्था गरेरमात्रै निर्वाचन गर्नु भनी विपक्षीका नाममा परमादेश आदेश जारी गर्न माग गरिएको छ ।

नेपाल पत्रकार महासंघको विधानअनुसार महासंघको कार्यसमितिको कार्यकाल ३ वर्ष पूरा भएपछि पुनः नयाँ कार्यसमिति निर्वाचित भएर आउनुपर्नेमा अहिलेको कार्यसमितिको कार्यकाल पूरा भएको ६ महिना पुग्न लाग्दा पनि महासंघको निर्वाचन हुन सकेको छ ।

महासंघले पाँचौं पटकसम्म निर्वाचनको मिति तय गरेको भए पनि अहिलेसम्म निर्वाचन गर्न सकेको छैन । महासंघको विधानअनुसार आगामी असोज मसान्तसम्म वर्तमान कार्यसमितिले निर्वाचन गर्न नसकेको अवस्थामा जिल्ला शाखा अध्यक्ष र प्रदेश अध्यक्षको भेला बोलाएर उक्त भेलाले आगामी ६ महिनाभित्र निर्वाचन मिति तोकेर निर्वाचन गर्नुपर्ने व्यवस्था छ ।

## दुर्गा मूर्तिबाट राम्रो आम्दानी गर्दै मौर्य र कोहाँर



**गौरीशंकर जयसवाल**

*परासी*

शहरमा मात्र होइन गाउँका चोकचोकमा पनि घटस्थापनाका दिन दुर्गा मूर्ति स्थापना गर्ने चलन छ । नवदुर्गा अवधिभर पूजा गर्ने प्रचलन यहाँ वर्षौंदेखि छ। नवलपरासीका माटोका मूर्ति बनाउने कालिगडहरू व्यस्त छन् । दिन-रात नभनेर उनीहरू दुर्गा मूर्ति बनाइरहेका छन् । दसैं नजिकिँदै गर्दा उनीहरु माटोका दुर्गा मूर्ति बनाउन र रङ रोगन तयारीमा जुटेका छन् । जुन मूर्ति घटस्थापना अगावै बनाएर सक्नुपर्ने छ ।

त्यही तयारीको लागि दिन रात नभनिकन मूर्ति तयारी गर्नमा पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ विष्णुपुरका रामप्यारे मौर्यले माटोको दुर्गा मूर्ति बनाउन र मूर्ति तयारी गर्नमा व्यस्त छन् । माटोलाई मूर्ति आकार दिई मूर्ति तयारी गरी रङरोगन गर्न मौर्य व्यस्त छन् । छेउमा दुर्गा, गणेश, लक्ष्मी, शिवशंकर, सस्वती, कार्तिके मूर्ति छन् ।

उनीले १५ वर्षदेखि माटोको मूर्ति बनाइरहेका छन् । उनी पहिला गाउँ-गाउँमा घुमेर माटोको मूर्ति बनाउने गरेको बताउँछन् । तर अहिले आफ्नै गाउँमा माटोका मूर्ति बनाउने गरेको उनले बताए । उनी कहाँबाट धेरै टाढा टाढाबाट मूर्ति अर्डर र लिन आउने गरेको मौर्यको भनाइ छ । माटोको मूर्तिमात्र नभइ अर्डरअनुसार सिमेन्टको पनि मूर्ति बनाउँदै आएको मौर्यले बताए ।

मूर्तिअनुसार र हेरेर उनी मूल्य तोक्ने गरेका छन् । एउटा मूर्तिको कम्तीमा २० हजारदेखि ३० हजार रुपैयाँसम्म बिक्री गर्ने गरेको उनले सुनाए । 'यस वर्ष २२ वटा मूर्ति बनाएको छु । धानको भूस, बाँस, काठ, पराल, सुत्लीको प्रयोग गरी माटोका मूर्ति बनाइन्छ ।'-उनले भने ।

मौर्यले सबै खर्च कटाएर एक सिर्जनमा ५ लाख आम्दानी हुने गरेको जानकारी दिए । उनीले मूर्ति बनाई बिक्रीबाट सात जनाको परिवार पाल्दै आएको बताए । मौर्यको ६ वटा छोरी एक जना छोरा छन् । उनीहरुलाई यही मूर्ति पेशाबाट शिक्षादिक्षा दिँदै आएका छन् । 'यो पेशाबाट म सन्तुष्ट छु ।'-उनले भने । भारतको कामदार राखेर मूर्ति बनाउने कार्य गर्दै आएको मौर्यको भनाइ थियो । उनी जस्तै पाल्हीनन्दन गाउँपालिका १ का अनिल कोहाँरले पनि मूर्ति बनाउन व्यस्त छन् । कोहाँरले दुई वटा स्थानमा माटोको दुर्गा मूर्ति बनाउँदै आएको सुनाए ।


» बाँकी ३ पेजमा





# सम्पादकीय

## सरकारलाई मितव्ययी बनाउने प्रयास

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार सञ्चालन मितव्ययी ढंगले गर्न अग्रसर भएका छन् । राज्य स्रोतको मनपरी दोहन भइरहेको र त्यसो हुँदा प्रतिफल पाउन संभव नहुँदा प्रदेश सरकारलाई मितव्ययी हुन दबाब परिरहेको छ । नागरिक तहबाट प्रदेश सरकार नतिजामुखी हुन नसकेको भन्दै आलोचना हुन थालेपछि मितव्ययी हुने प्रयासको थालनी हुनु सकारात्मक छ । राजनैतिक अस्थिरताको दुष्चक्रमा प्रदेश सरकारपर्दा अपेक्षित नतिजा दिन नसकेको बेला मितव्ययी बन्ने प्रयासले केही आशा जगाएको छ ।

मुख्यमन्त्रीले मन्त्रीहरुका लागि आचारसंहिता जारी गरेका छन् । आचारसंहितामा सकेसम्म जिल्ला भ्रमण जाँदा सरकारी निवास प्रयोग गर्नुपर्ने उल्लेख छ । एकैपल्ट धेरै दिन भ्रमण नजान र एउटै जिल्लामा पटक-पटक भ्रमण नगर्नलगायत विभिन्न बुँदामार्फत् मन्त्रीहरुलाई लगाम लगाएर मितव्ययी बन्ने प्रयास छ । आर्थिक अनुशासन र मितव्ययी बन्न मन्त्रीहरुलाई आचारसंहिता लागू गरे लगत्तै कर्मचारीलाई १४ बुँदे निर्देशन जारी गर्नुले मन्त्री र कर्मचारीलाई एउटै लयमा हिडाउन बल पुग्ने अपेक्षा गरिएको छ ।

कुनै बेला लुम्बिनी प्रदेश सरकारले पुँजीगत खर्च शतप्रतिशत गर्न सफल भएको थियो । स्थापनाका तीन वर्ष पुँजीगत खर्च उत्साहजनक हुँदा प्रदेश सरकारप्रति सकारात्मक वातावरण बनेको थियो । त्यसपछि क्रमशः पुँजीगत खर्च ओरालो लाग्दै आएको छ । पुँजीगत खर्च नहुने, कृषि अनुदानलगायतका अनुदान वितरण सन्तोषजनक नहुने र बेरूजु हरेक वर्ष बढ्दै जाँदा सरकारप्रति आलोचना बढ्दै जानु स्वभाविकै थियो । अब पुँजीगत खर्च बढाउने, अनुदान पारदर्शी वितरण गर्ने र बेरूजु घटाउँदै शून्यमा झार्न सक्दा प्रदेशले लय लिन्छ ।

मुख्यमन्त्रीको निर्देशनमा ५० लाख वा सोभन्दा माथिका आयोजना कार्यक्रमको हकमा कार्यतालिका कार्ययोजनाअनुसार कार्यसम्पादन भए नभएको मासिक रुपमा अनुगमन गरी प्रतिवेदन लिने, अद्यावधिक गर्ने, कार्यसम्पादन अवस्था सन्तोषजनक नभएकाहरुलाई तत्काल पृष्ठपोषण, प्राविधिक सहायता आवश्यक भए उपलब्ध गराउने विषय समावेश छन् । त्यसैगरी, मन्त्रालय वा मातहत कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन एवं कार्यप्रक्रिया सहज बनाउने गरी महाशाखा, शाखा, फाँट, सहायता कक्ष र प्रतिक्षालयको व्यवस्थाले नागरिकमैत्री सरकार सञ्चालनको अभ्यासलाई जोड दिइएको देखिन्छ ।

अबको काम भनेको आचारसंहिता र निर्देशनको इमान्दारीपूर्वक पालना हो । पालना भए नभएको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्न मुख्यमन्त्रीले छुट्टै टिम बनाउन आवश्यक छ । हामी कहाँ नीति,ऐन, कार्यविधि र आचारसंहिता बनाउने तर कार्यान्वयनमा इमान्दार नबन्ने प्रवृत्ति छ । यही प्रवृत्तिले अराजकता मौलाएको छ । अराजकता मौलाउन नदिन र सरकारप्रति नागरिकको भरोसा र विश्वास बढाउन सरकारलाई लयमा अघि बढाउन आवश्यक छ ।

# नेप्से परिसूचक ५९ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार उच्च अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ५९ दशमलव ०२ अङ्कले घटेर दुई हजार पाँच सय २९ दशमलव ३३ अङ्कमा कायम भएको हो ।

नेप्सेमा तीन सय २९ कम्पनीको एक करोड ३५ लाख ३५ हजार नौ सय तीन कित्ता शेयर ७७ हजार एक सय ५३ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ६६ करोड तीन लाख दुई हजार छ सय ८३ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूहको उपसूचक पाँच दशमलव ५६ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव २७, विकास बैंक दुई दशमलव ४६, होटल तथा पर्यटन तीन दशमलव ३४, जलविद्युत् दुई दशमलव ८९ र लगानी समूह दुई दशमलव ७३ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बिमा समूह दुई दशमलव ३५, उत्पादन तथा प्रशोधन एक दशमलव ८१, लघुवित्त दुई दशमलव ५६, म्युचुअल फन्ड शून्य दशमलव ४८, निर्जीवन बिमा दुई दशमलव ६९, व्यापार तीन दशमलव ९३ र अन्य समूह दुई दशमलव २२ प्रतिशतले घटेको छ ।

कारोबारमा दुई सय २९ कम्पनीको शेयर मूल्य घटेको छ भने १४ कम्पनीको शेयर मूल्य मात्रै बढेको छ । हिमालयन हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ८४ प्रतिशतले बढेको छ । चारवटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । गुडविल फाइनान्स लिमिटेड, समृद्धि फाइनान्स कम्पनी लिमिटेड, एनआइसी एसिया फ्लेक्स क्याप फन्ड र इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु २१ करोड १३ लाख ४२ हजार सात सय ३२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी सनराइज बैंक लिमिटेड प्रमोटर शेयर पाँच लाख कित्ता खरिदबिक्री भएको छ ।

# भ्रष्टाचारका अनेक रूप

*जसरी कमाऊ । समाजले खोज्छ । अचेल व्यावसायिक यज्ञको चलन आएको छ । सामाजिक प्रतिष्ठा चाहिन्छ भने मन्दिर, विद्यालय, धर्मशाला, अस्पताललाई चन्दा देऊ । दान देऊ । समाजसेवीमा नाम दर्ज हुन्छ । धमात्मामा नाम दर्ज हुन्छ ।*



अर्जुन ज्ञवाली

- स्थूल रूप
- सूक्ष्म रूप

राजमार्ग, गगनचुम्बी भवन, विशाल पुल निर्माणका काम गर्नु छ । यसकालागि सर्वप्रथम यो यो गर्ने भनेर नीतिगत निर्णय हुन्छ । त्यसपछि कार्यगत निर्णय हुन्छ । त्यसपछि काम गर्नेलाई प्रतिस्पर्धामा ल्याउन टेन्डर आह्वान गरेर ठेकेदार चयन हुन्छ । तब हुन्छ काम सुरु ।

यसमा बुझ्नुपर्ने कुरा के छ भने नीतिगत निर्णय गर्ने, कार्यगत निर्णय गर्ने र निर्णय अनुसार ठेक्का कबुल गर्ने तिनै तहका व्यक्ति सबैको पेट छ । पेटमा अग्नो हुन्छ । त्यसलाई आहार चाहिन्छ । तिनीहरूको पेटमा सर्वसाधरणको जस्तो सामान्य अग्नि हुँदैन । जठराग्नि हुन्छ । त्यो अग्नि शमन गरेर मात्र अगाडि बढ्नुपर्छ ।

यसमा धेरैजसो जान्ने बुझ्नेको जानकारीमा आएको कुरा छ - बेलायतको अलिखित संविधान जस्तै निर्णय गर्नेहरुलाई यति प्रतिशत रकम दिने भन्ने अलिखित विधान छ । त्यो रकम सबभन्दा ठूलो हुन्छ । त्यसपछि कर्मचारीतन्त्र, पहल गर्ने नेता, पालिकाका मेयर सेयर गच्छे अनुसार हुन्छन् । त्यसलाई पालन गर्ने गरी ठेकेदार फिल्डमा जान्छन् । ठेकेदारले बचेको रकमबाट आफ्नो पनि उदराग्नि शमन गर्ने गरी काम गर्ने हो । यसो गर्दा मुलुकको विकास निर्माणको अवस्था कस्तो हुन्छ जोसुकैलाई छर्लङ्ग हुन्छ । यसैको नाम हो स्थूल भ्रष्टाचार । यो एउटा उदाहरण हो । यसलाई उदाहरण मानेर सर्बे गर्यौं भने थुप्रै उदाहरण हाम्रा गाउँशहर जहाँसुकै भेटाउन सकिन्छ ।

जहाँसम्म सुक्ष्म भ्रष्टाचारको कुरा छ, यो मन्दविष नै हो । एउटा गरिब छ । मालिकको खेतमा काम गर्छ । आजको समयमा कारखानामा काम गर्ला अथवा पाककच तारे होटेलमा झाडुपोचा गर्ला अथवा बेयराको काम गर्ला । त्यस्तै फलाम खानी, तेलखानी, सुनखानीमा काम गर्ला । हुन सक्छ त्यहाँ सानो तिनो मेठकै काम गर्ला । काम गर्छ, सधैं पुगेस् पुगेस् भइरहन्छ । अनि असहृय भएर विद्रोह गर्न खोज्छ ।

त्यसबखत नीतिगत भ्रष्टाचारको भाष्यकार भन्छ - 'हेर नानी, हेर बाबु, यो तिम्रो पूर्व जन्मको फल हो । तिमीले पूर्व जन्ममा उत्तम काम गर्न सकेनौं, त्यसैको फलस्वरूप अहिले यस्तो कठीन काम गर्नुपरेको छ । कामचोर पो भयौ कि ? त्यसो भएर यस्तो सजाय मिलेको हुन सक्छ । त्यसकारण जे गरिरहेको छौं, इमानदारीका साथ गर । अर्को जुनीमा राम्रो हुन्छ । अहिले जुन काम गरिरहेका छौ, यसैको मालिक पनि हुन सक्छौं ।

यो भाष्यले ती विचराको विद्रोह थचक्क हुन्छ । यही थचक्कको भाष्यले धनी धनी हुँदै जाने गरिब गरिब हुँदै जाने पुँजीवाद विश्वमा हावी भएको छ । त्यही विश्व भित्रको हाम्रो देशमा हामी अरुभन्दा बढी गरिब हुन गएका छौं ।

हो, विश्वमा यस भाग्यवादका विरुद्ध सशक्त प्रतिकार नभएका होइनन् । हल्काफुल्का प्रगति नभएका पनि होइन । तर, त्यत्तिकै प्रगतिलाई पनि प्रकारान्तरले थचक्क पार्दै मालिकहरु अझ धनी हुने भाष्य निर्माण भइरहेकै छ । यही हो भ्रष्टाचारको सुक्ष्म रूप । यसैको बाइ प्रोडक्ट हो भ्रष्टाचारको स्थूल रुप ।

कमाउनपर्छ । जसरी कमाऊ । समाजले खोज्छ । अचेल व्यावसायिक यज्ञको चलन आएको छ । सामाजिक प्रतिष्ठा चाहिन्छ भने मन्दिर, विद्यालय, धर्मशाला, अस्पताललाई चन्दा देऊ । दान देऊ । समाजसेवीमा नाम दर्ज हुन्छ । धमात्मामा नाम दर्ज हुन्छ ।

कमाउदा जुनसुकै करतूत होऊन्, सबै माफ हुन्छ । दानको अंक हेरी अस्पताल, विद्यालय तथा मन्दिरको नाम हुन सक्छ । यो हो हाम्रो सांस्कृतिक भ्रष्टाचार ।

यस्तै सामाजिक भ्रष्टाचार, आर्थिक भ्रष्टाचार, मान्नुपर्छ यस भाष्यलाई । यही भाष्यले कर्मजीविहरुलाई पिढी दर पिढी कामदार बनाएको छ । यही भाष्यले मालिकलाई पिढी दर पिढी धनाढ्य बनाएको छ ।

सुक्तिहरु यही भनिरहेछन्

य भाग्यमानीको भूतै कमारो ! - सांस्कृतिक भ्रष्टाचार
य मर्दका दसोटी ! - सामाजिक भ्रष्टाचार
य मर्दले कमाउछँ नामर्दले गुमाउँछ ! (फट्याइलाई सम्मान...) - सामाजिक भ्रष्टाचार

भ्रष्टाचारका यी दुई रुप भ्रष्टाचारका विराट् रुपभित्र प्रमुख हुन् ।

## Buddhabhumi Municipality
### Office of Municipal Executive
Hanumanchowk, Buddhi Kapilvastu
Lumbini Province, Nepal

## Invitation for Electronic Bids

Date of first publication: 24th Sept. 2024

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO website for the brief description with Public entity name: Buddhabhumi Municipality Office, Kapilbastu.

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive VAT) (NRs.) | Bid Security (NRs.) amount | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Last Date of Bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 7/BM/RD/2081/82 | Mahuwa Swasthya Chauki Adhuro Sadak Nirman Tatha Bairihawa Dekhi Siwapura Jane Bato PCC Dhalan and Kohdauliyagaun kodakshin jane batochamchaima isthansammastar unnati | 15,59,826.79 | 39,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 1000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 9th oct.2024 ,12:00 | 9th oct.2024 ,13:00 |
| 2. | 8/BM/RD/2081/82 | Imiliya Ma Vi HudaiMaitahawa SadakNirmanBuddhabhumu-09 | 31,68,652.02 | 80,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 3000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 24th oct.2024 ,12:00 | 24th oct.2024,13:00 |
| 3. | 9/BM/RD/2081/82 | Badalpura Gaun Dekhi Purba Tol Jane Adhuro Sadak And Badalpura Purvtole Main Bato PCC Dhalan Tatha Nali Nirman | 24,37,440.81 | 61,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 3000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 24th oct.2024 ,12:00 | 24th oct.2024,13:00 |
| 4. | 10/BM/RD/2081/82 | Rangaigaunkodakshintol jane sadak,taaku transformer dekhiasaramtharukogharhudaijholungepulsadak and Dubiyataltol jane adhurosadak | 29,24,301.93 | 73,500.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata ,0440055997600041 | 3000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 24th oct.2024 ,12:00 | 24th oct.2024,13:00 |

2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

## गण्डकी प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
### पूर्वाधार विकास निर्देशनालय
### पूर्वाधार विकास कार्यालय
कावासोती, नवलपरासी (बर्दघाट, सुस्तापूर्व)

## बोलपत्र स्वीकृतिको आशयको सूचना

**प्रकाशित मिति :२०८१/०६/०८**

यस कार्यालयबाट मिति २०८१/०४/३२ मा प्रकाशित बोलपत्र आवहान गर्ने सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रदाताहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएका तल उल्लेखित बोलपत्रदाताहरु स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (WITH VAT AND PS) |
|---|---|---|---|---|
| १ | IDO-NAW(BSE)-W-NCB-01-2081/82 | Upgrading of different road in Kawasoti 14 and 16 | Ghimire Nirman Sewa Kawasoti-14, Nawalpur | ८०,४२,२६७.०८ |
| २ | IDO-NAW(BSE)-W-NCB-02-2081/82 | Upgrading of different road of Hasaura,Kawasoti Municipality 04 | R.R.A Engineering And Construction, Makawanpur | ४४,७६,८३०.५ |
| ३ | IDO-NAW(BSE)-W-NCB-03-2081/82 | Upgrading of different road of Kawasoti Municipality 3 and 5 | Diwa Engineering And Construction, Devchuli-12 | ७१,४६,०२७.७ |
| ४ | IDO-NAW(BSE)-W-NCB-04-2081/82 | Upgrading of different road of Kawasoti Municipality 3 | Diwa Engineering And Construction, Devchuli-12 | ४९,३८,१३७.३१ |
| ५ | IDO-NAW(BSE)-W-NCB-05-2081/82 | Upgrading of different road in Kawasoti 1 | BarchuliEngineering pvt.Ltd, Devchuli-14 | ३८,९०,४३०.५४ |
| ६ | IDO-NAW(BSE)-W-NCB-06-2081/82 | Upgrading of Different road of Kawasoti ward-8 east portion | Barchuli Engineering pvt. Ltd.Devchuli-14 | ४६,९०,६७७.३५ |
| ७ | IDO-NAW(BSE)-W-NCB-07-2081/82 | Upgrading of Different road of Kawasoti ward-8 west portion | Barchuli Engineering pvt. Ltd. Devchuli-14 | ७३,७५,०२५.९९ |
| ८ | IDO-NAW(BSE)-W-NCB-08-2081/82 | Upgrading of Different road of Kawasoti 2 and 6 | Pabitra Buildersand Suppliers, Kawasoti-3 | ६८,०४,४८७.८८ |

# गुल्मीमा एचआइभी संक्रमित १५ जना थपिए

गुल्मी । गुल्मीमा गत वर्ष र पछिल्लो एक महिनामा गरी एचआइभी संक्रमितको १५ जना थपिएका छन् । गत असार मसान्तसम्म १३ जना र यस आर्थिक वर्षको साउन देखि भदौंसम्म दुई जना गरी १५ जना थपिएको सरोकारवाला निकायले जनाएका छन् ।

हालसम्म जिल्लामा कुल २४७ जना एचआइभी संक्रमितको संख्या रहेको गुल्मी अस्पतालको एआरटी सेन्टरका काउन्सिलर पुस्कर घिमिरेले जानकारी दिएका छन्। सोमबार एचआइभी सम्बन्धि सदरमुकाम तम्घासमा भएको सरोकाहरवालाहरुसँग समन्वय तथा समीक्षा बैठकमा उनले यस्तो जानकारी दिएका हुन् ।

स्वाथ्य कार्यालय गुल्मीको आयोजना र राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र ( नार्डेक ) को समन्व्यमा भएको बैठकमा एचआइभीको क्षेत्रमा काम गर्ने संस्था हाम्रो जीवन प्लसकी कार्यक्रम अधिकृत पुष्पा गौतम, नार्डेक नेपालकी कार्यक्रम संयोजक कमला बिकलगायतले कार्यपत्र प्रस्तुत गर्दै सरोकारवालाको प्रश्नको जवाफ समेत दिएका थिए ।

एचआइभी, क्षयरोग र मलेरिया बिमारको क्षेत्रमा काम गर्ने संस्था नार्डेक नेपालका अनुसार २४७ मध्ये २०४ जनाको उपचार भइरहेको छ। जिल्लाका १२ वटा पालिकामध्ये सबैभन्दा बढी संक्रमितको संख्या सत्यवती गाउँपालिकामा छ । सबैभन्दा कम कालीगण्डकी गाउँपालिकामा छ । धैरै उपचार पाउनेमा रुरुक्षेत्र गाउँपालिकाका संक्रमितहरु रहेका छन् ।

कम पाउनेमा कालीगण्डकी गाउँपालिकाका छन् । पछिल्ला तीन वर्षमा क्रमशः २० जना , १५ जना र १३ जना संक्रमित थपिएका छन् । पछिल्लो एक महिनामा दुई जना संक्रमित फेला परेका छन्। १४ वर्ष मुनीका ८ जना बालबालिका संक्रमित रहेका छन् । आमाबाट संक्रमित हुने छोरा छोरीहरु २६ जना रहेका छन् । भारतबाट घर आउने पुरुष र असुरक्षित यौन सम्पर्क एचआइभी संक्रमणको मुख्य कारण रहेको छ। संक्रमित हुनेमा पुरुषभन्दा महिला बढी छन् ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्व्य प्रमुख द्रोणबहादुर खत्री, विशेष अतिथि प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मा र जिल्ला प्रहरी प्रमुख एसपी राजन भुजेलले सरोकारवालासँग विभिन्न जिज्ञाषा राख्दै एचआइभी संक्रमितहरुको उपचार र रोगथामको क्षेत्रमा भएको प्रगतिबारे चासो राखेका थिए । स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई निःशुल्क उपचार गराउनका लागि सरोकारवालाले सुझवा दिए पनि आफूहरुको गोपनियता खुल्ने डर लाजले त्यस कार्यक्रमा सहभागी हुन संक्रमितहरु नमान्ने गरेको सरोकारवालले जानकारी दिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय प्रमुख पुष्पा थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नार्डेक नेपालङ्का अध्यक्ष रेशम कुँवरको स्वागत मन्तव्य र सोही कार्यालयका अनुगमन तथा मूल्यांकन अधिकृत रामबहादुर कुँवरको सञ्चालनमा रहेको थियो ।

## पेन्सनपट्टा हराएको सूचना !

मेरो निम्न विवरण भएको पेन्सनपट्टा यहि मिति २०८१ /०५ /०२ गते बुटवलबाट अर्घाखाँची जाने क्रममा हराएकोले फेला पार्नु हुने मानुभावले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा वुझाई दिनुहुन अनुरोध छ।

**नाम: मेघलाल उपाध्याय**
**पेन्सनपट्टा नं.: B.S.F 17335**
**ठेगाना: छत्रदेव गाउँपालिका वडा नं.-८, अर्घा**
**सम्पर्क नम्बर :९८४७१५७६१०**

**दुर्गा...**

उनीले माटोको मूर्ति बनाउन दिन रात नभनिकन काम गरिरहेका छन् ।

असोजको १६ गतेसम्म सबै मूर्ति राङरोगन गरी दिने तयारीमा कोहँार व्यस्त छन् । उनी भन्छन्-'१५ वर्षदेखि निरन्तर माटोको मूर्ति बनाउने कार्य गर्दै आएको छु, पाँच महिनादेखि मूर्ति निर्माण सुरु गरेका हौं ।'उनी एउटा मूर्ति तयार गर्न १० देखि १५ दिन लाग्ने गरेको बताउँछन् । कोहाँरले यस वर्ष २२ वटा माटोको मूर्ति बनाएको बताए । दुर्गाको मूर्ति एक सेट १८ हजारदेखि २० हजारसम्ममा बिक्री गर्दै आएको कोहाँरको भनाइ छ ।

कामदारको सबै खर्च कटाई एक लाखदेखि डेढ लाखसम्म बचत हुने गरेकोउनलेबताए।नवलपरासीलगायत आसपासका जिल्लामा स्थापना गरिने सबै दुर्गा मूर्ति भारतबाट आयात गरिन्थ्यो । तर, पछिल्लो समयमा नवलपरासीमै दुर्गा मूर्ति बन्न थालेका छन् ।

## निक्षेप उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला पल्लिकोट गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. २, बस्ने श्री नाम थाहानभएकोको नाति श्री डिल बहादुर राकसकोटीको छोरा श्रीमती मनरुपा राकसकोटी को श्रीमान बर्ष ८० को श्री कुल बहादुर राकसकोटी भन्ने कुल बहादुर थापा (नागरिकता नं. ४२६० जि.प्र.का गुल्मी मिति २०४४/११/१२ मा जारी) को मिति २०८०/०१/०८ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१६५२ मा भएको रकम भुक्तानी पाउभनि निजको पत्नी श्रीमती मनरुपा राकसकोटी ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री कुल बहादुर राकसकोटी भन्ने कुल बहादुर थापा (नागरिकता नं. ४२६० जि.प्र.का गुल्मी मिति २०४४/११/१२ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल NEPAL
नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

# Isma Rural Municipality
## Office of the Rural Municipal Executive
### Ismarajasthal, Gulmi

## Invitation for Electronic Bids

1st Date of Publication: Tuesday, September 24, 2024 (6/8/2081 B.S)

1.Isma Rural Municipality, Isma Rajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB for S.N.1 & 2 name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount. (Including Vat and PS) | Bid Document Fee Amount | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1.1 | OIRM/GUL/ NCB /081/82-07 | Ramdalchaur Khorbari Bagkhor Basnuta Motarbato Istarunnati Ward No 6 | NRS. 2499701.24 | NRS. 3,000.00 | NRS. 75,000.00 | 10/24/2024 12:00 Noon | 10/24/2024 13:00:00 PM |
| 1.2 | OIRM/GUL /NCB/ 081/82-08 | "Ratapokhara Dobata Dandhipokhari Ra Sirara Darindhunga Kaauchhe Motarbato Staronnati (Wada No. 5 Ko Gaurabko Yojana)" | NRS. 2499935.16 | NRS. 3,000.00 | NRS. 75,000.00 | 10/24/2024 12:00 Noon | 10/24/2024 13:00:00 PM |

| Bank Name | Name of Office | Antarik Rajaswo Khata | Sthaniya taha Dharauti Khata |
|---|---|---|---|
| "Global IME Bank Limited Isma,Gulmi" | "Isma Rural Municipality Gulmi Ismarajasthal, Gulmi" | Ga-1.1 Antarik Rajaswo Khata (Isma Ga.pa) Revenue Code Number :-14219 | Ga-3 Sthaniya taha Dharauti Khata (Isma Ga.pa) |
| | | 35704010000006 | 35704010000004 |

2. Pre-Bid meeting shall not be held.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments
4 Bid Submitted in hard copy shall not be accepted.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

# Banganga Municipality Office
### Office of Municipal Executive
### Banganga, Kapilvastu
### Lumbini Province, Nepal

## Invitation for Online Bids

Date of publication: 2081-06-08

1. The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

| S.No. | Contract Package No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Estimated Amount Without VAT and Contigencies |
|---|---|---|---|---|
| 1 | 36/NCB/BMO/ KAPIL/GOODS/81-82, Supply and Delivery of Wheat Improve Seeds | 1,00,000 | 3,000 | |

2. Interested bidders may obtain further information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp and Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank from Rajaswa Portal (https://sutrarevenue.fcgo.gov.np)
Name of the Bank: Agricultural Development Bank Ltd.,
Banking Branch Office: Jitpur 4 No,
Name of the Office: Banganga Municipality Office
Office Account no: 0415601617188014
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चोरमारा,नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८१/०६/०८**

यस कार्यालयबाट मिति २०८१/०४/२४ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (म'.अ.कर र पि.यस सहित ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 04/NCB/ MB/WORKS/2080/81, Girwari Khola Pul Dekhi Minaghat Jane Sadak Kalopatre, Madhyabindu-13 | Neupane Multipurpose , Bharatpur-09 | 9844607.05 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘सीपलाई उत्पादनसँग जोड्दै आयआर्जन गर्दैछौं’

*प्यूठान जिल्लाको उत्तरपूर्वी क्षेत्रको नौबहिनी गाउँपालिकाले ८ वटा वडामा विभाजित भइ विकासको गति तीव्र रुपले अघि बढिरहेको छ । राजनीतिक पार्टीको कुनै जिम्मेवारीमा नरही ३४ वर्षे उमेरमा जनप्रतिनिधिमा निर्वाचित एवं स्वास्थ्य क्षेत्रतर्फ अनमी पदमा बसेर १३ वर्ष सरकारी सेवा अनुभव लिएर जनप्रतिनिधि निर्वाचित हुनु भएकी नौ बहिनी गाउँपालिका उपाध्यक्ष **विस्ना थापा**सँग दैनिक लुम्बिनीका लागि **राधिका भुसालले** गरेको कुराकानीको सम्पादित अंशः*

**» उपाध्यक्षको रुपमा काम गर्दाको अनुभव कस्तो छ ? जनताका अपेक्षाहरु के–के रहेका छन् ?**

नौबहिनी गाउँपालिकावासी जनताको अभिभावक रुपमा आफू रहेको जस्तो लाग्छ। मैले यहाँको जनताको अभिभावकत्व लिइ सकेपछि यहाँको हरेक क्षेत्रमा समान व्यवहारले काम गर्नु पर्छ। बाहिरबाट हेर्दाको भन्दा यो पदमा बसेर प्रत्येक काममा जनतासँगसँगै काम गर्दा धेरै फरक छ । महिला भएको कारण पनि यहाँका दिदीबहिनीहरुले मसँग खुलेर आफ्नो समस्या तथा गुनासोहरु राख्ने गर्नु हुन्छ। बजेट विनियोजन गर्ने समयमा पनि उहाँहरुले धेरै सुझावहरु दिने गर्नु भएको छ। एउटा महिला शिक्षित र आर्थिक रुपमा सक्षम भएपछि सिंगो परिवार नै शिक्षित हुने गर्दछ त्यसकारण महिलाहरुलाई उहाँको क्षमताअनुसारको सीप प्रदान गरेर रोजगारीतर्फ लैजानु पर्छ भन्ने लागेको छ। र, सोही अनुसार विभिन्न क्षमता विकास तथा सीप विकास तालिमहरु प्रदान गरेका छौं, अब व्यवसायिक रुपमा उत्पादन गर्न थाल्नु भएको छ।

**» नौबहिनीको प्राथमिकताहरू के–के छन् ?**

जनप्रतिनिधि हुनुभन्दा अघि स्वास्थ्य क्षेत्रमा लामो समय काम गरेको हुँदा मलाई धेरै कुराको अनुभव छ। जनताको प्रत्येक्ष जीवनसँग जोडिएको शिक्षा, स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखेका छौं। जबसम्म मान्छेलाई चेतना हुँदैन हामी सबै कुरामा पछिपर्ने गर्दछौं। गुणस्तरीय शिक्षाले नै हरेको व्यक्तिको जीवनमा परिवर्तन ल्याउने हो । सबै प्रथम स्वस्थ हुनु पर्‍यो, अनि शिक्षा प्राप्त गर्नु पर्‍यो । यसभन्दा अघि पनि शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेका थियौं, अहिले पनि निरन्तरता दिएका छौं। प्रत्येक नागरिक स्वस्थ र शिक्षित भएपछि हामीले गर्न खोजेको परिवर्तन सम्भव हुनेछ। स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभवले पनि स्वास्थ्य र शिक्षालाई बढी प्राथमिकतामा राखेर कार्यक्रमहरु गरेका छौं।




*विस्ना थापा उपाध्यक्ष, नौ बहिनी गाउँपालिका प्यूठान*

**» तपाई उपाध्यक्ष, न्यायिक समितिको संयोजक पनि हुनुहुन्छ, के–कस्ता समस्या तथा मुद्दाहरु आउने गरेका छन् ?**

हाम्रो पालिकामा अहिलेसम्म २१ वटा निवेदन दर्ता भएको छ । आफ्नो क्षेत्र अधिकार भित्रको मुद्दा हेर्ने गरेका छौं । सामान्य झैं झगडा, लिनदेन, अन्नवाली क्षेती जस्ता समस्याहरु आउने गरेका छन् । खासै अप्ठ्यारा समस्याहरु आएका छैनन्। हामीले सबै क्षेत्रबाट राम्रो सहयोग पाएका छौं। जिल्ला न्यायधिसले पनि न्यायिक समितिले गरेको कामको मूल्यांकन गरेर इजलास बनाउने सुझाव समेत दिनु भएको छ। आगामी वर्षबाट इजलास बनाउने तयारी गर्ने छौं। समय समयमा प्यूठानका नौ वटै स्थानीय तहहरुको न्यायिक समितिको बैठक बसेर सिकाइ आदान प्रदान गर्ने गरेका छौं, यसले गर्दा काम गर्न अझैं सहज भएको छ।

**» उपाभोक्ताहित संरक्षण भएको छ ?**

पालिकाको नियमअनुसार योजनाहरु अनुगमन गरेका छौं । बजार अनुगमनको सन्दर्भमा नौ बहिनीभित्रका ८ वटै वडामा पुगेर ति पसलहरुमा हदम्याद नाघेका बस्तुहरु छन् छैनन् भनि हेर्ने गर्दछौं। बढी मात्रामा पेय पदार्थमा म्याद नाघेको भेटिएका छन्, गाउँका सोझा जनताले म्याद कसरी हेर्ने भन्नेसम्म थाहा नपाउँदा अखाद्य बस्तुहरु खान बाध्य थिए। अहिले व्यापारी र उपभोक्ता दुवैतर्फ सजग भएका छन्।

**» बजेट विनियोजनमा तपाईंको भूमिका कस्तो छ ? युवा तथा महिलाहरुलाई कसरी समेट्नु भएको छ ?**

बजेट बनाउने बेलामा मेरो भूमिका राम्रै रहन्छ। म आफू महिला भएको कारण पनि महिला तथा युवाहरुलाई विशेष छलफल गरेर बजेट विनियोजन गर्ने गरेका छौं । महिला दिदीबहिनीहरुले माग गरेअनुसार उहाँहरुको इच्छा चाहानाअनुसार तालिमहरु सिकाउनको लागि बजेट विनियोजन गर्दै आएका छौं । सिलाइ कटाई, डल तथा कुसन निर्माण, होजियारी, दुना टपरीलगायतका तालिम तथा उपकरण प्रदान गरी सीप सिकाउने गरेका छौं। उहाँहरुलाई आय आर्जनसँग जोड्नका लागि उहाँकै चाहाना र क्षमताअनुसार तालिमहरु दिने गरिएको छ । दिदीबहिनीहरु एकदमै उत्सुक्ताका साथ सहभागी हुनु भएको छ।

**» नौ बहिनी गाउँपालिकामा उत्पादन भएका बस्तुहरुको बजारीकरण कस्तो छ ?**

हाम्रो पालिकाभित्र उत्पादित सामानलाई व्यवस्थित तरिकाले बजारीकरण गर्नका लागि हामीले संकलन केन्द्र र कोसेली घर सञ्चालन गर्दैछौं । आगामी आर्थिक वर्षदेखि सञ्चालन हुने गरी भवन निर्माणको काम तीव्र रुपमा अघि बढेको छ । त्यससँगै नौ बहिनीभित्र उत्पादित बस्तुलाई अन्तरपालिका बजारीकरण गर्नेका लागि विभिन्न पालिकासँग सम्पर्क समन्वय गरिरहेका छौं। यहाँ उत्पादन भएको कुन-कुन बस्तुहरु कति खपत हुन्छ त्यहिअनुसार बाहिरी बस्तु आयातमा रोक लगानु पर्छ। सुरुमा अलि कठिन होला तर, विस्तारै पालिकाभित्रको उत्पादित बस्तुले बजार पाउँछ र यहाँका जनताको जीवनस्तर परिवर्तन हुँदै जानेछ भन्ने कुरामा विश्वास छ। हामीले सीप सिकाएका छौं, अब उत्पादित बस्तुका बजारीकरण पनि हामीले गर्नेछौं, यसले गर्दा विदेश पलायन हुने समस्या र सानोतिनो व्यापार गर्न शहर जाने व्यक्तिहरु रोकिने छन्, पालिकाको आन्तरिक स्रोत पनि वृद्धि हुनेछ।

# चित्रकलामा पामिरका राजन थापा प्रथम




बुटवल। इन्टर्याक्ट क्लब अफ दीप बोर्डिङ् बुटवलले आयोजना गरेको चित्रकला प्रतियोगितामा पामिर इन्टरनेशनल एकेडेमीका छात्र राजन थापा प्रथम भएका छन्। जिल्लाका २५ विद्यालयका ४६ जना विद्यार्थीले भाग लिएको प्रतियोगितामा पामिरका राजन अन्य प्रतिष्पर्धीलाई पछाडि पार्दै प्रथम हुन सफल भएका हुन्।

त्यस्तै निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) रुपन्देहीले आयोजना गरेको जिल्लास्तरीय अन्तरविद्यालय आधारभूत तह चित्रकला प्रतियोगितामामा पनि उनी दोस्रो भएका थिए।

रुपन्देहीका ५५ वटा संस्थागत विद्यालयका विद्यार्थीले भाग लिएको प्रतियोगितामा पामिरका छात्र राजन थापाले दोस्रो स्थान हासिल गरेका थिए।

त्यस्तै निजी तथा आवासीय विद्यालय (प्याब्सन) तिलोत्तमा नगर समितिले आयोजना गरेको तिलोत्तमा नगरस्तरीय वक्तृत्वकला प्रतियोगितामा पामिर एकेडेमीकै छात्रा समिरा पाण्डेले दोस्रो स्थान हासिल गरेकी छन् भने शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा पनि पामिरकी कक्षा ९ कि छात्रा प्रतिज्ञा सुवेदीले दोस्रो स्थान हासिल गरेकी छन्।

पामिर एकेडेमीले पुरस्कृत हुने छात्र-छात्रालाई विद्यालयमै सम्मान गरेको विद्यालयका प्राचार्य गोपाल गौतमले जानकारी दिए। उनले अतिरिक्त क्रियाकलापमा पामिरका विद्यार्थीहरु लगातार उत्कृष्ट हुँदै आएको पनि बताए।

## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication: 2081/06/08

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.No. | Contract Identification No. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 09/KM/NCB/ 2081/82 | Road upgrading at kawasoti municipality 11and 12 | 60,26,231.13 | 2081/07/08, BS) Upto 12Hr | 120 days | 180000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com